(कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०६८ द्वारा स्थापित)

# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

# KARNALI ACADEMY OF HEALTH SCIENCES

जुम्ला, नेपाल

## विज्ञापनसँग सम्वन्धित सूचना

मिति : २०८१/०९/०४

**कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको आ.व २०८१/०८२ मा रिक्त रहेका पदहरुको स्थायी पदपूर्तिका लागि मिति २०८१/०८/२८ गतेको गोरखापत्र दैनिक पत्रिकामा प्रकाशन भएको सूचनामा निम्न कुराहरु थपघट वा संशोधन गरिएको व्यहोरा सबैमा सूचित गरिन्छ ।**

१. प्रशासनिक सेवा अन्तर्गत खुलातर्फ महिला उमेदवारको उमेरको हद बढीमा चालीस वर्ष ननाघेकाले आवेदन दिन सक्ने व्यवस्था रहेको ।

२. आई.टी. अफिसरको शैक्षिक योग्यता स्नातकोत्तर भएकोमा सम्वन्धित विषयमा न्यूनतम स्नातक उत्तीर्ण गरेकाले आवेदन दिन सक्ने ।

३. खुला तथा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्धारा गरिने पदपूर्ति सम्वन्धी सूचना अन्तर्गत पेश गर्नु पर्ने कागजातहरुमा प्रतिष्ठानको नियमानुसार अधिकृत तहको हकमा ४ वर्ष र सहायक तहको हकमा ३ वर्ष स्थायी सेवा अवधि पुगेको भनी सम्बन्धित विभागीय प्रमुखले गरेको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने उल्लेख भएकोमा उक्त मापदण्ड आन्तरिक प्रतियोगितात्मक परीक्षाका आवदेकहरुका लागि मात्र लागू हुनेछ। खुला प्रतियोगितात्मक परीक्षामा आवेदन दिने आवेदकहरुको लागि नवौं तह मुनिका पदहरु (प्रशासन, स्वास्थ्य र प्राविधिक सेवातर्फ) को कार्य अनुभव अनिवार्य नभएको ।

४. एउटै पदमा एक भन्दा वढी श्रेणीमा आवेदन दिन चाहने जस्तै खुलातर्फ खुलामात्र र समावेशीमा आवेदन दिदा उमेदवारले तोकिएको दरखास्त दस्तुरको अतिरिक्त थप दरखास्त दस्तुर वापत रु. ७००/- (अक्षेरेपि सात सय मात्र) को अलग भौचर समेत पेश गर्नुपर्नेछ ।

५. प्रशासन सेवातर्फ सहायक स्तर चौथो तहको लागि SLC को हकमा उत्तीर्ण भएको हुनुपर्ने र Secondary Education Examination (SEE) परीक्षाको हकमा न्यूनतम 2.00 CGPA प्राप्त गरेको हुनुपर्नेछ ।

उपर्युक्त विषयमा कुनै कुरा अस्पष्ट भएमा सम्पर्क ठेगानामा सम्पर्क गर्नु हुन समेत सबैमा जानकारी गराईन्छ ।

छनोट समिति
कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

प्रधान कार्यालय : चन्दननाथ नगरपालिका-२ जुम्ला, कर्णाली, नेपाल फोन नं ०८७-५२०३५५, फयाक्स नं ०८५-५२०३५५ Email : info@kahs.edu.np,
Website : www.kahs.edu.np सम्पर्क कार्यालय : दन्तकाली मार्ग २९, सेतोपुल मैतिदेवी काठमाण्डौं फोन न. ०१-४५२७१२०, फयाक्स नं. ०१- ४५२७१२०